वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा
२०७३

०६३–४४०१७७
–४४०११३
–४४०१८२
–४४०२३७

पत्र सख्या:- २०७५/०७६
चलानी नः-१८६९

गण्डकी प्रदेश, नेपाल
मिति: २०७६।२।२०

विषय:– *सूचना ! सूचना !! सूचना !!!।*

**श्री सम्बन्धीत सबैको जानकारीको लागि ।**

उपर्यूक्त विषयमा यस नगर कार्यपालिकाको चालु आर्थिक वर्ष २०७५/०७६ को लागि पूरानो तथा नयां थप एक स्वास्थ्य संस्थाहरुको साथै समग्र नगरपालिकाले संचालन गरेका योजना तथा कार्यक्रमहरुको सामाजीक परिक्षण गर्नु पर्ने भएकोले रु.१ लाखको बजेट सिमाभित्र रही नेपाल सरकारद्धारा इजाजत प्राप्त फर्म एंव संस्थाहरुबाट तपसिलको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खाम बन्दी निवेदन पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्त:

१) सामाजीक परीक्षण गर्न इच्छुक फर्म/संस्थाहरुले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा संस्थाहरुको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र पेश गरेको कागजात, समेतको प्रमाणित प्रतिलिपि ।

२) स्थानीय निकाय सामाजीक परीक्षण कार्यविधि २०६७ बमोजिमको परिधिभित्र रही सामाजीक परीक्षणको कार्य गर्नु पर्ने छ ।

३) सामाजीक परिक्षण कार्य गरेको कार्य अनुभव पेश गर्नु पर्नेछ ।

४) दोस्रो पक्ष फर्म एंव संस्थाले सामाजीक परीक्षण कार्य सम्पन्न गरी प्रतिवेदनको साथै भ्याट विल पेश गरेपछि मात्र कार्यालयले दोस्रो पक्ष फर्म वा संस्थाको लागि माथी उल्लेखीत रकम भुत्तानी दिनेछ ।

५) यस सुचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, पहिलो संशोधन २०७३, र सार्वजनिक खरिद नियमावली २०६४ तथा छैठौ संशोधन २०७५ अनुसार हुनेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत